मिति २०८२ साल बैशाख ६ गते शनिवारका दिन महोत्तरी(बर्दिवास) मा मधेश प्रदेश समन्वय परिषद्को ५औं बैठकबाट निम्न बमोजिमको निर्णय गरियो।

**निर्णय नं.१:**

यस समन्वय परिषद्को मिति २०८०।०४।१९ मा बसेको चौथो बैठकले गरको निर्णयहरूको कार्यान्वयन अवस्थाको समिक्षा र हालसम्म कार्यान्वयन हुन् बाँकी रहेको निर्णयहरूलाई आगामी दिनमा कार्यान्वयनमा लैजान सम्बद्ध निकायहरूलाई अनुरोध गर्ने।

**निर्णय नं.२:**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयबाट तयार गरी पेश भएको "**मधेश प्रदेश समन्वय परिषद्को बैठक(संचालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२**" को मस्यौदा उपर छलफल गरी परिमार्जन सहित स्वीकृत गरियो।

**निर्णय नं.३:**

जिल्लामा रहने संघिय सरकारी कार्यलय, प्रदेश सरकार तथा स्थानीय तहवाट सम्पादन हुने विकास निर्माण लगायतका कार्यहरूमा प्रचलित कानून बमोजिम जिल्ला समन्वय समितिहरूबाट हुने समन्वयकारी भूमिकालाई प्रभावकरी बनाउन प्रदेश स्तरबाट आवश्यक सहजीकरण गर्ने।

**निर्णय नं.४:**

प्रदेश तथा स्थानीय तहले प्रचलित कानून बमोजिम एक-अर्कोमा हस्तान्तरण गर्नुपर्ने वित्तिय अनुदान (समानीकरण, समपुरक, विशेष र सशर्त) को साथै राजस्व बाँडफाँडको रकम तोकिएको समय र अनुपातमा हस्तान्तरण गर्ने।

**निर्णय नं.५:**

प्रदेश तथा स्थानीय तहहरूले दोहोरो नपर्ने गरी योजना तथ कार्यक्रमहरू संन्चालन गर्न एक आपसमा समन्वय गर्ने।

**निर्णय नं.६:**

मधेश प्रदेश अनुगमन तथा मूल्याङ्कन ऐन निर्माणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशलाई अनुरोध गर्ने।

**निर्णय नं.७:**

मधेश प्रदेशका केहि पालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृतहरू लामो समयसम्म रिक्त भएको कारण पालिकाहरूले संचालन गर्ने विकास निर्माण लगायत सेवा प्रवाहमा समेत असर परेको हुँदा शिघ्र पदपूर्तिका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

प्रमुख सचिव

CamScanner